# स्थानीय राजपत्र

**पाँचखपन नगरपालिका, सङ्खुवासभाद्वारा प्रकाशित**

खण्ड ५),   बैशाख २१ गते, २०८२ साल   (संख्या १

## भाग-२

## पाँचखपन नगरपालिकाको सूचना

नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## पाँचखपन वाना आधारभूत अस्पताल फार्मेसी सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

<u>**प्रस्तावना:**</u> नगरबासीहरुहलाई आधारभूत स्वास्थ्य सेवा अन्तर्गत निःशुल्क औषधि उपलब्ध गराउन, स्वास्थ्य बिमा अन्तर्गतको औषधि उपलब्ध गराउन र बिमामा आवद्द नभएका नागरिकालाई सुपथ मूल्यमा औषधि उपलब्ध गराउन वञ्छनीय भएकोले,

पाँचखपन नगरपालिका, सङ्खुवासभा

पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "पाँचखपन वाना आधारभूत अस्पताल फर्मेसी सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि पाँचखपन नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अस्पताल" भन्नाले पाँचखपन वाना आधारभूत अस्पताल सम्झनुपर्दछ ।

(ख) "उपप्रमुख" भन्नले पाँचखपन नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले पाँचखपन नगरपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले पाँचखपन नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

पाँचखपन नगरपालिका, सङ्खुवासभा

(ङ) “नगरपालिका” भन्नाले पाँचखपन नगरपालिका सम्झनुपदर्छ ।

(च) “फार्मेसी” भन्नले नगरपालिका अन्तर्गत पाँचखपन वाना आधारभूत अस्पतालमा सञ्चालित फार्मेसी सेवा सम्झनुपर्दछ ।

(छ) “निःशुल्क औषधी” भन्नले सङ्घीय सरकारले निःशुल्क उपलब्ध गराउने भनी तोकेको औषधी सम्झनुपर्दछ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पाँचखपन नगरपालिकाको प्रममुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(झ) “प्रमुख” भन्नले नगरपालिका प्रमुख सम्झनुपर्दछ ।

(ञ) “बिमा अन्तर्गतको औषधी” भन्नाले स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमा अन्तर्गत प्रदान गरिने भनी तोकेको औषधी सम्झनुपर्दछ ।

(ट) “बिषयगत समिति” भन्नाले पाँचखपन नगरपालिकाको सामाजिक विकास समिति सम्झनुपर्दछ ।

(ठ) “व्यवस्थापन समिति” भन्नाले दाफा १३ बमोजिमको व्यवस्थापन समिति सम्झनुपर्दछ ।

(ड) "लक्षित वर्ग” भन्नाले आर्थिक रुपले अति विपन्न, पूर्ण अपाङ्गता, ८० वर्ष माथिका जेष्ठ नागरिक, विपद्मा परेका पिडित सम्झनुपर्दछ ।

पाँचखपन नगरपालिका, सङ्खुवासभा

(ढ) “शाखा” भन्नाले पाँचखपन नगरपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्दछ ।

## परिच्छेद-२

## निःशुल्क औषधि, बिमा अन्तर्गतको औषधि र सुलभ फार्मेसी सम्बन्धी व्यवस्था

३. **निशुल्क औषधि वितरणः** (१) सङ्घीय सरकारले निःशुल्क वितण हुने भनी तोकेको औषधी फार्मेसीबाट निःशुल्क वितरण गर्नु पर्नेछ ।

(२) निःशुल्क रुपमा वितरण गरेको औषधिको अभिलेख अद्यावधिक रुपमा राख्नु फार्मेसीको दायित्व हुनेछ।

४. **स्वास्थ्य बिमा अन्तर्गतको औषधि उपलब्ध गराउनु पर्नेः** (१) स्वास्थ्य बिमा अन्तर्गतको औषधी फार्मेसीमार्फत उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत उपलब्ध गराइने औषधी बिमितका लागि बिमा स्वास्थ्य सेवा अन्तर्गतको सुविधा थैलीबमोजिम र अन्य व्यक्तिको लागि सोही मूल्यमा फार्मेसीबाट विक्रि वितरण गरिनेछ ।

५. **<u>बिमा सम्बन्धी अन्य व्यवस्था:</u>** स्वास्थ्य बिमा सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

६. **<u>सुपथ मूल्यमा औषधि उपलब्ध गराउनु पर्ने:</u>** (१) नगरपालिकाले आवश्यकता अनुसार दफा १७ मा निर्धारण भए बमोजिमको मूल्यमा फार्मेसीबाट अन्य सेवाग्राहीलाई समेत औषधि तथा औषधिजन्य सामाग्री उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराउने औषधि एवम् फार्मेसी सेवाको गुणस्तर मापदण्डले तोके बमोजिम हुनेछ ।

७. **<u>निःशुल्क तथा अन्य औषधिको आपूर्ति:</u>** फार्मेसीबाट माग भएका निःशुल्क वितरण गरिने औषधि, बिमाबाट उपलब्ध गराउनु पर्ने औषधि र सुपथ मूल्यमा उपलब्ध हुने औषधि तथा औषधिजन्य सामाग्रीहरु नगरपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

८. **<u>फार्मेसीको सङ्केत चिन्ह र बोर्ड:</u>** फार्मेसीको सङ्केत चिन्ह अनुसूची-१ बमोजिम हुनु पर्नेछ र स्पष्ट देखिने छुट्टै साइनबोर्ड हुनुपर्नेछ ।

९. **<u>फार्मेसीको भौतिक पूर्वाधार:</u>** (१) फार्मेसी सञ्चालनको लागि आवश्यक पर्ने बिक्रिवितरण कक्ष भण्डारण कक्ष तथा परामर्श सेवा समेतको स्थान हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानमा फार्मेसीको लागि आवश्यक पर्ने फर्निचर, उपकरणसहितको लेआउट औषधि विज्ञसमेतको परामर्शमा नगरापालिकाले तोक्नेछ ।

१०. **<u>फार्मेसीको लागि जनशक्तिः</u>** (१) फार्मेसी सञ्चालनको लागि कम्तिमा एक जना नेपाल सरकारको आधिकारीक निकायबाट लाइसेन्सप्राप्त फार्मेसी सहायक हुनु पर्नेछ । नगरपालिकाबाट छुट्टै फार्मेसी सहायक नियुक्त नभएसम्म नगरपालिका अन्तर्गत जुनसुकै पदमा कार्यरत उल्लिखित योग्यता भएको कर्मचारीलाई कार्यालयले फार्मेसी सहायकको कामकाज गर्ने गरी खटाउन सक्नेछ ।

(२) उपदफा (१) मा उल्लिखित जनशक्तिको अतिरिक्त कार्यबोझको आधारमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम थप कर्मचारी नियुक्त गर्न सकिनेछ ।

११. **<u>आम्दानी खातामा जम्मा गर्नुपर्नेः</u>** (१) फार्मेसीबाट औषधि तथा औषधिजन्य बिक्रिवितरण बाट प्राप्त हुने आम्दानी नगरपालिकाले तोकेको खातामा मासिक रुपमा जम्मा गर्नुपर्नेछ ।

(२) फार्मेसीबाट औषधी तथा औषधिजन्य सामाग्री बिक्रि गर्दा प्रत्येक कारोबार उपलब्ध गराइएको सफ्ट्वेयर प्रणालीबाट मात्र गर्नुपर्नेछ ।

१२. **<u>सञ्चालन खर्चको व्यवस्था गर्नुपर्नेः</u>** फार्मेसी सञ्चालन तथा व्यवस्थापन गर्न नियमित रुपमा हुने खर्चको लागि निश्चित रकमको व्यवस्था नगरपालिकाले गर्नुपर्नेछ ।

## परिच्छेद-३

## फार्मेसी व्यवस्थापन समिति, बैठक र काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

१३. **<u>फार्मेसी व्यवस्थापन समितिः</u>** (१) फार्मेसी व्यवस्थित एवं प्रभावकारी रुपमा सञ्चालन गर्न तथा व्यवस्थापन गर्न गराउन नगरपालिकामा देहायको व्यवस्थापन समिति रहनेछः-

(क) उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) कार्यालयका जिन्सी शाखा प्रमुख — सदस्य

(घ) कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ङ) फार्मेसी सम्बन्धि आधिकारीक योग्यता हासिल गरेकामध्येबाट प्रमुखले तोकेको एक जना -सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

पाँचखपन नगरपालिका, नगरसभा

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको व्यस्थापन समितिले आवश्यकता अनुसार कुनै व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

१४. **फार्मेसी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** फार्मेसी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) फार्मेसी सञ्चालनको मापदण्ड तोक्ने,

(ख) फार्मेसीले पालना गर्नुपर्ने आचारसंहिता तोकी सोको अनुगमन गर्ने,

(ग) फार्मेसीको अनुगमनको लागि सूचक तयार गर्ने गराउने,

(घ) फार्मेसीबाट सम्पादित कार्यको बारेमा समिक्षा गर्ने र आवश्यक निर्देशन दिने,

(ङ) फार्मेसी सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

पाँचखपन नगरपालिका, सङ्खुवासभा

## परिच्छेद-४

## <u>औषधी तथा औषधीजन्य सामाग्री माग, खरिद तथा बिक्रि व्यवस्थापन</u>

१५. **<u>औषधि र औषधिजन्य समग्री माग गर्नुपर्नेः</u>** (१) फार्मेसीले वर्षभरी आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीको माग प्रक्षेपण गरी कार्यालयमा पठाउनु पर्नेछ ।

(२) फार्मेसीले प्रत्येक तीन महिनाको लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामग्रीको परिमाणसहितको सूची अग्रिम रुपमा कार्यालयमा पठाउनु पर्नेछ ।

१६. **<u>औषधि तथा औषधिजन्य सामाग्रीको खरिदः</u>** (१) फार्मेसीको लागि आवश्यक पर्ने औषधी तथा औषधिजन्य सामाग्रीहरुको खरिद प्रचलित खरिद कानून बमोजिम कार्यालयले गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम खरिद गरिने औषधि सम्भव भएसम्म जेनेरिक नामको आधारमा खरिद गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम औषधी तथा औषधीजन्य सामग्री खरिद गर्नुपूर्व सोको मानक (वस्तुको आकारप्रकार, महत्त्व आदि जाँच्ने कुनै आधिकारिक स्तर, मानदण्ड वा स्वरुप) तयार गर्नुपर्नेछ ।

१७. **<u>बिक्री मूल्य निर्धारण गर्नुपर्नेः</u>** फार्मेसीबाट बिक्रि वितरण हुने औषधी तथा औषधीजन्य स्वास्थ्य सामग्रीको मूल्य देहाय बमोजिम निधारण गर्नु पर्नेछः-

(क) निःशुल्क अन्तर्गतका औषधीको हकमा शून्य मूल्य,

(ख) बिमा अन्तर्गतको औषधी तथा औषधिजन्य सामग्रीको हकमा स्वास्थ्य बिमाले तोकेको मूल्य,

(ग) फार्मेसीबाट बिक्री हुने औषधी तथा औषधीजन्य सामग्रीको हकमा उत्पादक कम्पनीले तोकेको अधिकतम बिक्रि मूल्य।

## परिच्छेद-५

## <u>विविध</u>

१८. **<u>विशेष सहुलियत दिन सक्नेः</u>** (१) फर्मेसीले उपलब्ध गराउने सेवामा दफा १३ बमोजिमको व्यवस्थापन समितिको निर्णयानुसार नगरपालिका अन्तर्गत बसोबास गर्न लक्षित वर्गलाई विशेष सहुलियत दिन सक्नेछ ।

पाँचखपन नगरपालिका, संखुवासभा

(२) उपदफा (१) बमोजिम सहुलियत उपलब्ध गराउँदा व्यवस्थापन समितिले औषधी तथा औषधीजन्य समग्रीको तोकिएको अधिकतम मूल्यमा अवस्था अनुसार १५-२५ प्रतिशत सम्मको सहुलियत दरमा उपलब्ध गराउन निर्णय गर्न सक्नेछ ।

१९. <u>**शाखा सम्पर्क बिन्दुको रुपमा रहने:**</u> फार्मेसी सञ्चालन तथा नियमन सम्बन्धमा शाखा सम्पर्क विन्दुको रुपमा रहनेछ ।

२०. <u>**बाधा अड्काउ फुकाउः**</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

२१. <u>**प्रचलित कानून बमोजिम हुने:**</u> यो कार्यविधिमा भएका व्यवस्थाहरु प्रचलित कानूनसँग बाँझिन गएमा बाँझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

२२. <u>**खारेजी र बचाउः**</u> यो कार्यविधि लागू हुनु अगावै भए गरेको कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१

## (दफा ८ सँग सम्बन्धित)

फार्मेसीको सङ्केत चिन्ह नमुना

पाँचखपन नगरपालिका, सङ्खुवासभा

आज्ञाले,

मणराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत